# आकाशवाणी गान्तोक

**26 AUGUST 2024**

- **CM Meets PM**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीसित भेट गर्नुभयो। भेट अवधि श्री तामाङले प्रधानमन्त्रीलाई आगामी सोह्र मई, 2025-का दिन सिक्किमको राज्य स्थापना दिवसको अवसरमा मुख्य अतिथिको रूपमा उपस्थिति जनाइदिने आग्रह गर्दै आधिकारिक रूपमा निमन्त्रणा दिनुभयो। यस अवसरमा उहाँले श्री मोदीलाई जन्माष्टमीको शुभकामना पनि दिनुभयो। दुई नेताबीच भएको भेटमा राज्यसित सम्बन्धि विभिन्न मुद्दालाई समेट्दै गहन अनि उत्पादक चर्चा भयो। उल्लेखनीय छ, 1975-मा भारतमा बाहिसौं राज्यको रूपमा विलय भएको पचासौं वर्षगाँठ पालन गरिरहेको सिक्किमका निम्ति स्वर्ण जयन्तिको रूपमा पालन गरिने आगामी राज्य स्थापना दिवसले विशेष महत्त्व बोकेको छ।

यस अवसरलाई पालन गर्न सिक्किम सरकारले सुनौलो, समृद्ध र सामर्थ्य सिक्किमको विषयमा विभिन्न चरणबद्ध कार्यक्रमका साथ एक वर्षव्यापी कार्यक्रम आयोजन गरिरहेछ। यस अवधि विलय अघि र विलय पछिको राज्यको इतिहासलाई प्रदर्शित गरिनेछ। मुख्यमन्त्रीले प्रधानमन्त्रीद्वारा यस निम्तोलाई सहर्ष स्विकार गरेको बताउँदै उहाँको उपस्थितिले समारोहको महत्त्व अझ बढ़ेर जानका साथै यो अवसर स्मरणीय रहने बताउनुभएको छ। मुख्यमन्त्री श्री तामाङले भन्नुभएको छ, यस विशेष दिनमा प्रधानमन्त्रीको उपस्थितिमा सिक्किमको समृद्ध सांस्कृतिक सम्पदा र प्राकृतिक सौन्दर्य प्रदर्शन गर्न पाउनु ठूलो सुअवसर हुनेछ। यसका साथै मुख्यमन्त्रीले सिक्किमवासीसित राज्य र राष्ट्रको निरन्तर प्रगति र समृद्धिको निम्ति आफूलाई समर्पण गर्दै, उत्साह र जोशका साथ टीम सिक्किमको भावनालाई मूर्त रूप दिँदै समारोहमा अघिआउने आग्रह गर्नुभएको छ।

--------------------------------------X-------1---------------------------------

- **Janmastami**

देशका विभिन्न भागमा आज कृष्ण जन्माष्टमी बढ़ो भक्तिभावपूर्वक मनाइँदैछ। यता सिक्किममा पनि भक्तहरूले कृष्णाष्टमी पारम्परिक हर्षोल्लाषका साथ मनाइरहेछन्। यस अवसरमा श्रद्धालुहरू विहानैदेखि ब्रत बसी विभिन्न मन्दिरहरूमा भगवान कृष्णको पूजा आराधना गर्नमा व्यस्त छन्। उनीहरू कृष्ण जन्मको प्रतीक्षामा राति बाह्र बजीसम्म जागै रहनेछन्। यस अवसरमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मू, उपराष्ट्रपति श्री जगदिप धनखड़ र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीलाई जन्माष्टमीको शुभकामना दिनुभएको छ। सोशल मिडिया पोस्टमा राष्ट्रपतिले भन्नुभएको छ, यस दिनले सबैलाई भगवान श्री कृष्णको दिव्य आदर्शप्रति समर्पित हुन प्रेरित गर्दछ।

श्री धनखडले जन्माष्टमी गहिरो आध्यात्मिक महत्त्वको दिन हो भन्दै भगवान कृष्णको जन्म दिनको यस अवसरबाट दैविक प्रेम, बुद्धि विवेक र सत्यनिष्ठाको भावना गहिराइका साथ जोड़िएको छ भन्नुभएको छ। यसैक्रममा राज्यपाल श्री ओमप्रकाश माथुर र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पनि राज्यवासीलाई कृष्ण जन्माष्टमीको शुभकामना दिनुभएको छ। आफ्नो सन्देशमा राज्यपालले भन्नुभएको छ, भगवान श्री कृष्णले गीतामा दिएको उपदेश आज पनि प्रासंगिक छ, जसले हाम्रो जीवनलाई मार्गदर्शन गरिरहेछ। श्री माथुरले उहाँको कर्मयोगको सन्देशले हामीलाई आफ्नो कर्तव्यको पालन निष्ठा र समर्पणका साथ गर्न प्रेरित गर्दछ भनी बताउनुभएको छ। मुख्यमन्त्रीले भन्नुभएको छ, भगवान कृष्णको जन्मको प्रतिक यो दिन प्रेम, करुणा र धार्मिकताको शाश्वत मूल्यमाथि चिन्तन गर्ने समय हो, जसलाई उहाँले साकार गर्नुभएको थियो।

---------------------------------------X---------------------------------------

- **Indian Coast Guard**

भारतीय तटरक्षक बलले आज मालवाहक पोत ITT प्यूमाका चालक दलका एघारजना सदस्यलाई बचाएको छ। यो जहाज कलकत्ताबाट पोर्ट ब्लेयर जाँदैगर्दा पश्चिम बंगालको सागर द्वीप नजिक डुबेको थियो। रक्षा मन्त्रालयले भनेको छ, संकटग्रस्त जहाजबाट सूचना प्राप्त हुनासाथै तटरक्षक बलका दुईवटा जलयान र एउटा डोर्नियर विमानलाई घटनास्थलमा पठाइयो।

---------------------------------------X---------------------------------------

- **State Karate Championship**

गान्तोक जिल्ला बीसौं राज्य कराते च्याम्पियनशीप 2024-को विजेता बनेको छ। राजधानीस्थित पाल्जोर स्टेडियममा हिजोदेखि शुरू भएको दुई दिवसीय प्रतियोगितामा गेजिङ जिल्ला उपविजयी बनेको छ भने नाम्ची जिल्लाले उत्कृष्ट अनुसासित टोलीको ट्रफि जित्न सफल बनेको छ। प्रतियोगितामा गान्तोक जिल्लाले कुल तीर्पनवटा स्वर्ण पदक, गेजिङले सोल्हवटा र नाम्चीले बाह्रवटा स्वर्ण पदक जित्न सफल बने। सिक्किम राज्य कराते डो संगठनले आयोजना गरेको प्रतियोगिताको आज समापन भएको समारोहमा शिक्षा तथा खेलकुद मन्त्री श्री राजु बस्नेत मुख्य अतिथि हुनुहुन्थ्यो। प्रतियोगितामा सब-जूनियर, क्याडेट र जूनियर पुरूष अनि महिला तथा वरिष्ठ पुरुष र महिला वर्ग गरी राज्यको छहवटै जिल्लाका कुल चार सय पचासजना कराते खेलाड़ीहरूले सहभागिता जनाए। आफ्नो सम्बोधनमा मन्त्री श्री बस्नेतले यस वार्षिक प्रतियोगितामार्फत राज्यको विभिन्न ठाउँका खेलाड़ीहरूका निम्ति अवसर प्रदान गरेकोमा संगठनको प्रशंसा गर्दै बधाई दिनुभयो। श्री बस्नेतले खेलकुद सिक्किम क्रान्तिकारी मोर्चा सरकारको प्राथमिकताको क्षेत्र रहेको र यसले निरन्तर रूपमा पूर्वाधार र सुविधाहरू उपलब्ध गराउँदै आइरहेको बताउनुभयो। उहाँले यो पनि भन्नुभयो कि सरकारले स्थानीय खेलाड़ीहरूलाई माथिल्लो स्तरसम्म पुग्न सहयोग पनि गर्ने गरेको छ। उहाँले आगामी पाँच र छह अक्टोबरमा संगठनको पहिलो सिक्किम खुल्ला अन्तरराष्ट्रिय कराते प्रतियोगिता गान्तोकमा सम्पन्न हुने कुराको घोषणा गर्नुभयो। यस अवसरमा आठौं दान black belt प्राप्त गर्न सफल संगठनका मुख्य प्राविधिक निदेशक श्री विधान बल्लभ सुब्बालाई अभिनन्दन जनाइयो।

---------------------------------------X---------------------------------------